# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं चैत्र १ गते २०१० साल

## भाग १

### प्र. म. राज्यव्यवस्थाको सूचना

कृ फा. नं. ८११ प. ४५ ०१०–११–२२

जिल्ला मध्येश पहाडका टेलिफोन, आकाशवाणी अफिसका कर्मचारीहरूको जिल्ला, गढी, गौंडा, गोस्वाराबाट हाजिर लिने ०६–११–२८ गते संख्या १८ को गजेट प्रकाश भएकोमा टेलिफोनको काममा रहेका जवानको महिना महिनाको हाजिर जुन जुन अफिसका वडाको हो, सोही अफिसका अपरेटरहरूले हाजिर गरी महिना महिनामा सहिछाप गरी फाँट पठाउने र फाँटको हाजिर फाँटका मुख्यले नै गर्नू भन्ने सवाल, सनद भै आएको र त्यसमा टोली टोलीको २४ चौबिसै घण्टा हाजिर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्नै रूल भैरहेको, साबिकमा गौंडा गोस्वाराले हाजिर गरी नआएको भन्ने हुनाले अघि भैरहेकै सवाल, सनद्बमोजिम गर्ने गरी गौंडा, गोस्वाराले हाजिर गर्नुपर्दैन। टोली टोलीले टायम टायममा हाजिर भै गर्नुपर्ने काम टायम टायममा गरे नगरेको सम्म कुरा मठी, गौंडा, गोस्वाराले रेखदेखसम्म गर्ने गर्नुहोला।

आज्ञाले—

अच्युतराज.

सेक्रेटरी— प्र. म. राज्यव्यवस्था.

गोरखापत्र छापाखानामा मुद्रित

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।